# प्रेस विज्ञप्ति

## विश्व लगानीकर्ता सप्ताह २०२३ (World Investor Week 2023) आयोजना सम्बन्धमा

धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ताहरुलाई लगानी शिक्षा, सचेतना लगायत बजार विकास तथा सुधारका विविध पक्षका सम्बन्धमा देशव्यापीरुपमा लगानीकर्ताहरुको शिक्षा तथा सचेतना अभिवृद्धि गरी लगानीकर्ताको सशक्तिकरण गर्ने उद्देश्यले धितोपत्र नियमनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (International organisation of securities commissions, IOSCO) ले सन् २०१७ देखि विश्व लगानीकर्ता सप्ताह (World Investor Week) मनाउदै आएको छ र यस अवसरमा IOSCO को एसोसियट सदस्य नेपाल धितोपत्र बोर्ड (बोर्ड) तथा पुँजीबजार सम्बन्ध अन्य पक्षहरुले पनि निरन्तर रुपमा लगानीकर्ता लक्षित विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउदै आएको छ । विश्वमा यो कार्यक्रम १०० भन्दा बढी देशमा October 2-8 सम्म सप्ताहव्यापी रुपमा मनाईने गरिन्छ ।

सोही क्रममा **IOSCO** ले २०२३ मा **विश्व लगानीकर्ता सप्ताह, (World Investor Week)** October 2-8 सम्म मनाउन आव्हान गरेकोमा बोर्डले लगानीकर्ताको शिक्षा तथा सचेतना अभिवृद्धि गरी लगानीकर्तालाई सशक्तिकरण गर्ने उद्देश्यले देशव्यापी रुपमा असोज १५ देखि २१ सम्म साताव्यापी विविध कार्यक्रमहरु आयोजना गरी विश्व लगानीकर्ता सप्ताह मनाउने अन्तिम तयारी पूरा गरेको छ । धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हक हित सुरक्षण गर्ने मुख्य उद्देश्य लिएको बोर्डले यस प्रयोजनका लागि धितोपत्र बजार सम्बन्धी सूचना तथा गतिविधिहरु सर्वसाधरणमा प्रबाह गर्दै बजार सम्बन्धी शिक्षा तथा सचेतना.अभिवृद्धि गर्नको लागि यो सप्ताह महत्वपूर्ण रहेको छ ।

***Investor Resilience, Securities Instruments, Sustainable Finance, Frauds and Scams Prevention, Basics of Investing, Technology and Digital Finance,*** आदी प्रमुख विषयहरुमा केन्द्रित रही मनाईने विश्व लगानीकर्ता सप्ताह २०२३ (World Investor Week 2023) मा बोर्डको अगुवाईमा नेप्से, सिडिएसि, मर्चेन्ट बैंकर एसोसियसन, स्टक ब्रोकर एसोसिएसन, क्रेडिट रेटिङ्ग संस्था, स्टक डिलर तथा पिई/भिसी (PEVC) कोष व्यवस्थापक समेतको सहभागितामा साताव्यापी रुपमा मनाईने कार्यक्रमहरुको विस्तृत विवरण बोर्डको वेवसाईटमा रहेको छ ।

यस विश्व लगानीकर्ता सप्ताह सञ्चालनबाट धितोपत्र तथा बस्तु विनिमय बजार सम्बन्धी सूचना, गतिविधि तथा महत्वका बारेमा आम लगानीकर्ताहरुमा व्यापक सञ्चार भई उनीहरुमा यस बजार प्रवेश गर्न उत्साही हुने, वित्तीय साक्षरतामा अभिवृद्धि भई लगानीकर्ताले सुसुचित निर्णय लिन सक्ने र यसबाट पुँजीबजारमा स्थीरता तथा विश्वसनियता अभिवृद्धि हुन सहयोग पुग्ने विश्वास बोर्डले लिएको छ ।

प्रवक्ता

**२०८० असोज १४, आईतबार**